# कपुरकोट गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५

(पहिलो संशोधन, २०८० सहित)

प्रस्तावनाः

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कपुरकोट गाउँपालिकाको सञ्चित कोषको संचालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोबारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२२ बमोजिमको कपुरकोट गाउँपालिका गाउँसभाले संविधानको धारा २२३ बमोजिमको यो कानून बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कानूनको नाम "कपुरकोट गाउँपालिका आर्थिक कार्यविधि ऐन, २०७५" रहेकोछ ।

(२) यो कानून सभाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,-

(क) "असुल उपर गर्नु पर्ने रकम" भन्नाले प्रचलित ऐन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याइएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(ख) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ ।

(ग) "आन्तरिक लेखापरीक्षण" भन्नाले कपुरकोट गाउँपालिकाको तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ ।

(घ) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई सम्झनुपर्छ ।

(ङ.) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र विषयगत शाखा प्रमुखको हकमा गाउँपालिकाको प्रमुख प्रशासकइअधिकृत,

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हकमा गाउँपालिकाको अध्यक्ष र अध्यक्षको हकमा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(च) "कारोबार" भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "कार्यालय" भन्नाले कपुरकोट गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले कपुरकोट गाउँपालिका मातहत रहेको विषयगत शाखा वा कार्यालय वा इकाईहरुलाई समेत जनाउनेछ ।

(झ) "कार्यालय प्रमुख" भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिका सम्झनु पर्छ ।

(ट) "जिम्मेवार व्यक्ति" भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार सुम्पिए बमोजिमको कार्य संचालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले कपुरकोट गाउँपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्याउने जिम्मा लिने जुनसुकै व्यक्ति समेतलाई जनाउँछ ।

(ठ) "तालुक कार्यालय" भन्नाले वडा कार्यालय तथा विषयगत कार्यालयको हकमा कपुरकोट गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कानुन अन्तर्गत बनेका नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ढ) "गाउँपालिका" भन्नाले कपुरकोट गाउँपालिका सम्झनुपर्छ ।

(ण) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(त) "बजेट संकेत" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा रही गाउँपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका आयोजना कार्यक्रम आदिको कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी कपुरकोट गाउँपालिकाले दिएको संकेतलाई जनाउँछ ।

(थ) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा

बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्छ ।

(द) "बैंक" भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त गाउँपालिकाले तोकेको कुनै बैंक सम्झनु पर्छ र सो शब्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोबार गर्नेगरी तोकिएको बैंकको शाखा समेतलाई जनाउँछ ।

(ध) "मातहत कार्यालय" भन्नाले कपुरकोट गाउँपालिका मातहत रहेको वडा कार्यालय वा विषयगत शाखा वा कार्यालय र इकाई सम्झनुपर्छ ।

(न) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनुपर्छ ।

(प) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोबारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य जुनसुकै कारोबारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिनाहा गर्ने गराउने कर्तव्य भएको कपुरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(फ) "वडा कार्यालय" भन्नाले कपुरकोट गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(व) "वडा सचिव" भन्नाले कपुरकोट गाउँपालिकाको वडा सचिवलाई सम्झनुपर्छ ।

(भ) "विनियोजन" भन्नाले कपुरकोट गाउँपालिका सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।

(म) "वित्तीय विवरण" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनुपर्छ र सो शब्दले कारोबारको स्थिति दर्शाउने गरी शीर्षकका आधारमा बनाइएको बजेट अनुमान, निकाशा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्बन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(य) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(र) "सञ्चित कोष" भन्नाले कपुरकोट गाउँपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(ल) “सभा” भन्नाले कपुरकोट गाँउपालिका सभा सम्झनुपर्छ ।

(व) “संपरीक्षण” भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फर्छ्यौट सम्बन्धी कार्यलाई सम्झनुपर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ ।

(श) “कार्यपालिका” भन्नाले कपुरकोट गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ष) “सार्वजनिक जवाफदेहीको पद” भन्नाले पारिश्रमिक तोकिएको वा नतोकिएको जे भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ ।

(स) “विषयगत शाखा” भन्नाले कपुरकोट गाउँपालिका अन्तर्गत रहेको विषयगत शाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

परिच्छेद-२

## सञ्चित कोष सञ्चालन सम्बन्धी व्यवस्था

३. सञ्चित कोषको सञ्चालनः (१) सञ्चित कोषमा देहायका रकमहरु रहनेछन्:–

(क) गाउँसभाबाट स्वीकृत कानून बमोजिम लगाईएको कर तथा गैर कर वापत असुल भएको राजस्व रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँडबापत प्राप्त रकम ।

(ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान वापत प्राप्त रकम ।

(घ) गाउँपालिकाले लिएको आन्तरिक ऋणबापतको रकम ।

(ङ) अन्य प्रचलित कानून बमोजिम गाउँपालिकाको नाममा प्राप्त भएको अन्य आय बापतको रकम ।

(२) उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गाउँपालिकाले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) नेपालको संविधान, यो कानून र अन्य प्रचलित कानूनको अधीनमा रही सञ्चित कोषको संचालन गाउँपालिकाको कार्यालयले तोके बमोजिम गर्नेछ ।

४. सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः (१) सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने गराउने कर्तव्य र उत्तरदायित्व गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिमको लेखा तथा सोको वित्तीय विवरण सभामा र प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय एवं महालेखा परीक्षक समक्ष पेश गर्ने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ३

## बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तर तथा नियन्त्रण

५. बजेट तथा कार्यक्रम तर्जुमा गर्नेः(१) आगामी आर्थिक वर्षमा गाउँपालिकाले सम्पादन गर्नुपर्ने कार्य तथा कार्यक्रमको लागि संविधानको धारा २३० बमोजिम बजेट तयार गर्ने गराउने र सभामा पेश गरी पारित गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलब्ध हुने श्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र गरिसक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम श्रोत र खर्चको सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा खर्चको सीमाभित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पर्नेछ।

(४) आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको असार १० गतेभित्र सभामा प्रस्तुत गर्नुपर्नेछ।

(५) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा गाउँपालिकाले स्वीकृत आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई मूल आधार बनाउनु पर्नेछ।

(६) गाउँपालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको खाका तयार गर्नुपर्नेछ।

(७) बजेट तथा कार्यक्रम तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रुप दिई पारित गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

६. बजेट निकासाः (१) सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएपछि तोकिएबमोजिम बैंकमार्फत प्राप्ति, निकाशा र भुक्तानी गर्नुपर्नेछ।

तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसाबमिलान बाहेकको अन्य भुक्तानी सम्बन्धीकाम हुनेछैन।

(३) उपदफा (२) बमोजिम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुनेगरी एकल खाता कोष प्रणाली अवलम्बन गरिनेछ ।

(४) रकम निकासा भएपछि तोकिएका पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नुपर्नेछ ।

(५) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहेर प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेश गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने र कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(६) यस कानून प्रचलित अन्य कानून बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. बजेट रोक्का वा नियन्त्रण गर्न सक्नेः दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा रहेको रकमलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार गाउँपालिकाले पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

८. खर्च गर्ने कार्यविधि : गाउँपालिकाको कार्य तथा आयोजना सञ्चालन गर्ने, धरौटी, दस्तुर, सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्यौट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिको संरक्षण गर्ने, लिलाम बिक्री गर्ने, मिनाहा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

९. रकमान्तर तथा श्रोतान्तरः (१) गाउँसभाबाट स्वीकृत बजेटको कुनै एक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम अपुग भएमा सो अपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी गाँउकार्यपालिकाले रकमान्तर गर्न सक्नेछ ।

तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(२) उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार गाँउकार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) गाउँपालिकाको विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार गाउँसभाको हुनेछ ।

(४) रकमान्तर तथा स्रोतान्तरसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१०. बजेट फिर्ता हुनेः स्वीकृत वार्षिक बजेटमा विनियोजन भै निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी खर्च खातामा बाँकी रहेमा आर्थिक वर्षको अन्तमा संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

## परिच्छेद-४

## कारोबारको लेखा

११. कारोबारको लेखा :(१) विनियोजन, धरौटी एवं राजश्व तथा अन्य कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम नगदमा आधारित लेखा प्रणाली अनुसार राखिनेछ ।

तर महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीलाई परिमार्जन गरी परिमार्जित नगद आधार वा प्रोदभावी आधारमा लेखा राख्ने गरी तोकि दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा राख्नका लागि आवश्यक लेखा ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले अनुदान, सहायता, लगानी, विनियोजन, राजश्व तथा धरौटीका अतिरिक्त अन्य सबै प्रकारका कारोबार र खर्चको लेखा गाउँपालिकाले तयार गरी राख्नुपर्नेछ ।

(४) लेखा उत्तरदायी अधिकृतले तोकिएको समयभित्र विनियोजन, राजस्व, धरौटी लगायतको एकीकृत वित्तीय विवरण तयार गरी गाउँ कार्यपालिका, गाउँसभा तथा महालेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(५) आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

१२. जिम्मेवार व्यक्ति जवाफदेही हुने : (१) जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रित पुऱ्याई लेखा तयार गरी गराई राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन संचालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखा तयार गरे वा उपदफा (२) बमोजिम लेखा उत्तरदायी अधिकृतले रेखदेख, जाँचबुझ निरीक्षण गर्दा वा लेखापरीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेही बहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले लेखा सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारीसमक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा लेखा उत्तरदायी अधिकृतले तोकिएको म्यादभित्र त्यस सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्नेछ ।

तर मनासिवकारण नभई लेखा सम्बन्धी काममा अनियमित हुन आएको देखिन आएमा लेखा उत्तरदायी अधिकृतले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रूपैयाँ त्यसपछि पनि दोहोरिन आएमा पटकैपिच्छे एक हजार रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रूपैयाँ सोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा पन्ध्र सय रूपैयाँ जरिवाना गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो कानून तथा यस कानून अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालयले कारोबार पिच्छे दुई सय रूपैयाँ जरिवाना गर्न सक्नेछ । एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिवाना भइसकेपछि पुनः त्यस्तो कार्य दोहोरिन आएमा कारोबार पिच्छे पाँच सय रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ ।

(७) यो कानून वा यस कानूनअन्तर्गत बनेको नियमावली बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१३. राजस्व दाखिला र राजस्व लेखाः(१) प्रचलित कानून बमोजिम गाउँपालिकालाई प्राप्त हुने राजस्व तथा अन्य आय रकमहरु कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम संचित कोषमा आम्दानी देखिने गरी बैंक दाखिला गर्नु पर्नेछ ।

(२) राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१४. नगदी जिन्सी दाखिला गर्ने र लेखा राख्ने : (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा र जिन्सी मालसामान भए सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाई एक तहमाथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध भैआएमा एक तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकै पटक वा दुई पटक गरी बढीमा पैंतालीस दिनसम्मको म्याद थपिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पाँच सय रूपैयाँ वा बिगोको दश प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

*(४) आफ्नो जिम्मामा आएको सरकारी नगदी पालिका हाताभित्र बैङ्क भएमा सोही दिन वा त्यसको भोलिपल्ट बैंक खातामा दाखिला गर्नुपर्नेछ त्यसो गरेको नदेखिएमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले दश दिनसम्म ढिला भएमा दश प्रतिशत, १० दिन भन्दा बढी भएमा २५ प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाउने पर्नेछ ।

*(५) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि वडा कार्यालयमा संकलित राजश्व सम्बन्धित महिना समाप्त भएको ७ दिनभित्र बैङ्कमा दाखिला गरी सक्नुपर्ने त्यसो भएको नदेखिएमा १० दिनसम्म १० प्रतिशत र सो भन्दा बढी दिन ढिला भएमा २५ प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा हेरी कानूनबमोजिम विभागीय कारबाहीको सिफारिस समेत गर्न गराउन सक्नेछ ।

१५. आर्थिक प्रतिवेदन पेश गर्ने :(१) लेखा उत्तरदायी अधिकृतले तोकिएका अवधिभित्र प्रत्येक आर्थिक वर्षको सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत आर्थिक विवरण तयार गरी गाउँ कार्यपालिका, गाउँसभा, महालेखा नियन्त्रक कार्यालय, प्रदेश कोष नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।

(३) गाउँपालिकाको वित्तीय विवरण नेपाल सरकारले अवलम्बन गरेको आर्थिक संकेत तथा वर्गीकरण अनुरुपको हुनेछ ।

(४) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रूपमा राख्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१६. हानी नोक्सानी असुल उपर गरिने : यस परिच्छेद बमोजिम राख्नुपर्ने कारोबारको लेखा ठिकसँग नराखेको कारणबाट गाउँपालिकालाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

---

* पहिलो संशोधन(गाउँसभाको १३औं अधिवेशन, २०८०/०३/१०)

* पहिलो संशोधन (गाउँसभाको १३औं अधिवेशन, २०८०/०३/१०)

## परिच्छेद-५

## आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा बेरुजु फर्छ्यौट

१७. आन्तरिक नियन्त्रण प्रणालीः(१) गाउँपालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नुपर्नेछ ।

(२) आन्तरिक नियन्त्रण लागु गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त, नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।

*१८. आन्तरिक नियन्त्रण समितिः(१) दफा १७ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि पालिकामा एक तपसिलका सदस्य रहने गरि आन्तरिक नियन्त्रण समिति गठन गरिनेछ ।

(क) लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको वरिष्ठ कर्मचारी - संयोजक

(ख) प्रशासन तथा योजना शाखा प्रमुख - सदस्य

(ग) संयोजकले तोकेको विषयसँग सम्बन्धित कर्मचारी (दुई जना) - सदस्य

(घ) आन्तरिक लेखा परिक्षण शाखा/इकाई प्रमुख - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यालयमा सम्पादन गरिने कार्यहरु प्रचलित कानुन बमोजिम नियमित तरिकाले दक्षतापूर्वक एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख गराउने वित्तीय जोखिम न्यूनीकरण गर्ने वित्तीय प्रतिवेदनहरुलाई विश्वसनीय बनाउने तथा लेखापरिक्षणबाट कायम भएको बेरुजू फर्छ्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवं प्रभावकारी बनाउन आवश्यक कार्यहरु सम्पादन गर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिले कार्यसम्पादन गर्ने प्रकृया सोही समितिले निर्धारण गरे बमोजिमको हुनेछ ।

१९. आन्तरिक लेखापरीक्षणः(१) गाउँकार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रही गाउँपालिकामा आन्तरिक लेखापरिक्षण शाखा वा इकाई तोकिएको अधिकृतबाट हुनेछ ।

* पहिलो संशोधन (गाउँसभाको १३औं अधिवेशन, २०८०/०३/१०)

(२) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाको आन्तरिक  वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको वा सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो जिम्मेवार व्यक्तिबाट हानी नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

२०. स्पष्टीकरण नदिने उपर कारबाही : (१) कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिव माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण मनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा पेश गर्न नसक्नेले बेरुजु वा कैफियत देखिएको रकम व्यहोर्नुपर्नेछ ।

*२१. बेरुजू असुल/फर्छ्यौट  प्रकृया:(१) कारोबारको लेखा तथा विवरण दाखिला गर्नुपर्नेः

१. कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरिक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरिक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित अधिकृत वा जिम्मेवार ब्यक्तिको कर्तव्य हुनेछ ।

२. आन्तरिक वा अन्तिम लेखा परीक्षण हुँदा सरकारी नगद वा जिन्सी मालसमानको लगत छुट भएको देखिएमा वा सरकारलाई हानी नोक्सानी भएको देखिएमा त्यस्तो सूचना प्राप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो हानी नोक्सानी भएको रकम सम्बन्धित कर्मचारिबाट असुल गरी कसुरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

(२) लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाहीः

१. आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा औंल्याईएका बेरुजूका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट डोर आउनुपूर्व सो बेरुजूको सूचना पाएको ३५ दिनभित्र बेरुजू फर्छ्यौट  गरि श्रेस्ता अधावधिक गर्नुपर्नेछ । यस म्याद भित्र फर्छ्यौट हुन नसकेमा लेखा उत्तरदायी अधिकृतको स्वीकृतिमा बढिमा १५ दिन म्याद थप हुन सक्नेछ ।

---

* पहिलो संशोधन (गाउँसभाको १३औं अधिवेशन, २०८०/०३/१०)

२. महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फर्छ्यौट तथा सम्परिक्षण गरी परीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम म्यादभित्र प्रारम्भिक प्रतिवेदनमा उल्लेखित व्यहोरा फर्छ्यौट तथा सम्परिक्षण गराउन नसक्ने मनासिब माफिकको कारण भएमा जिम्मेवार व्यक्तिले कारण समेत उल्लेख गरी म्याद थपको लागि महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्न सक्नेछ । त्यस्तो अनुरोध भई आएमा महालेखा परीक्षकको कार्यालयले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

४. उपदफा (३) बमोजिम थप गरिदिएको म्याद भित्र पनि प्रतिवेदनमा उल्लेखित व्यहोरा फर्छ्यौट तथा सम्परिक्षण नगराएमा महालेखा परीक्षकले लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराउने र त्यसरी प्राप्त हुन आएको जानकारी बमोजिमको कारबाही गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

५. यस दफा बमोजिम फर्छ्यौट तथा सम्परिक्षण हुन नसकेमा प्रारम्भिक प्रतिवेदनको व्यहोरा महालेखा परीक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ ।

(३) लेखापरिक्षण प्रतिवेदनको लगत राख्नेः

१. आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल गर्नुपर्ने वा तिर्नुपर्ने भनि ठहऱ्याइएको बेरुजू लगत कार्यालयस्तरमा राख्नुपर्नेछ ।

२. उपदफा (१) बमोजिमको लगत राख्दा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको लगत आर्थिक वर्ष समेत संकेत गरी अलग-अलग रुपमा खुलाई अद्यावधिक गर्नुपर्नेछ ।

३. फर्छ्यौट तथा सम्परिक्षण भएको आन्तरिक तथा अन्तिम लेखा परीक्षणको विवरण बेरुजू लगत विवरणमा अद्यावधिक गरी राख्नु र पछिल्ला अवधिको लेखापरिक्षण हुँदा परीक्षण गर्नु गराउनु पर्नेछ ।

४. अन्तिम लेखा परिक्षणबाट प्राप्त बेरुजूको अद्यावधिक अभिलेख तोकिएको ढाँचामा कार्यालयले राख्नुपर्नेछ ।

४. बेरुजू फर्छ्यौट गर्ने गराउनेः

१. लेखापरिक्षणबाट औल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फर्छ्यौट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ ।

२. उपदफा (१) बमोजिम बेरुजु फर्छ्यौट हुन नसकेमा सो बेरुजु हुने आर्थिक कारोबार गर्ने पदाधिकारीहरु र कारोबारमा संलग्न व्यक्तिबाट असुल गरी फर्छ्यौट गर्नुपर्नेछ ।

३. आन्तरिक वा अन्तिम लेखापरिक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको देखिएमा वा सरकारलाई हानी नोक्सानी भएको देखिएमा त्यसको सूचना प्राप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो हानी

नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

४. यस दफा बमोजिम बेरुजू फर्छ्यौट गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी प्रचलित कानून बमोजिम फर्छ्यौट गर्न लगाउने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

५. बेरुजू फर्छ्यौट तथा सम्परिक्षणः

१. लेखापरिक्षणको प्रतिवेदनमा दर्शाइएका बेरुजू नियमित असुल उपर तथा सम्परीक्षण गरी फर्छ्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

२. असुल उपर गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनि औंल्याएको बेरुजू बाहेक अन्य बेरुजूको हकमा प्रचलित कानून बमोजिम पुऱ्याउनुपर्ने रित नपुगेको तर सरकारी नगदी जिन्सी हानी नोक्सानी नभएको पुष्ट्याई गर्ने मनासिब कारण सहितको प्रमाण प्राप्त भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित फर्छ्यौट तथा सम्परीक्षण हुनेछ ।

३. महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजूहरुको सम्बन्धमा गाउँ सभाको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने समितिको बैठकमा उपस्थित हुने र छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिकृया व्यक्त गर्ने तथा बेरुजू फर्छ्यौट सम्बन्धी काम कारबाही गर्ने गराउने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

४. उपदफा (३) बमोजिम गाउँ सभाको लेखा समितिमा छलफल भई गाउँ सभामा पेश गरेको सुझाव गाउँसभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

५. उपदफा (१) र (२) बमोजिम भएको कार्यको अनुगमन महालेखा परीक्षकको कार्यालयले गर्नेछ ।

६. बेरुजू फर्छ्यौट उपसमितिः

१. सामान्य प्रकृयाबाट फर्छ्यौट हुन नसकेका बेरुजू फर्छ्यौट गर्न समय समयमा अर्थ तथा सार्वजनिक लेखा समितिले देहायका व्यक्तिहरु सदस्य रहने गरी एक बेरुजू फर्छ्यौट उपसमिति गठन गर्न सक्नेछ,

क) अर्थ तथा सार्वजनिक लेखा समितिले तोकेको समितिको सदस्य - संयोजक

ख) कोष तथा लेखा नियन्त्रक वा निजले तोकेको सम्बन्धित कार्यालयको प्रतिनिधि - सदस्य

ग) प्रशासन तथा योजना शाखा प्रमुख - सदस्य

घ) आन्तरिक लेखा परीक्षण शाखा/इकाई प्रमुख - सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी १ जना - सदस्य

च) सम्बन्धित विषयसँग सम्बन्धित शाखा/इकाई प्रमुख - सदस्य

छ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

ज) आर्थिक प्रशासन शाखामा स्वीकृत दरवन्दी भन्दा कम कर्मचारी कार्यरत भएमा वा कार्यचापले गर्दा निर्दिष्ट कार्य गर्न कठिन देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सदस्य सचिवको कार्यको जिम्मेवारी कार्यालयमा कार्यरत कुनै कर्मचारीलाई समेत तोक्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम गठित बेरुजू फर्छ्यौट उपसमितिको कार्यक्षेत्र देहाय बमोजिमको हुनेछ ।

क) गाउँपालिकाको कार्यालय र सो मातहतका निकायले गरेको कारोबारको आन्तरिक लेखापरीक्षण वा अन्तिम लेखापरीक्षण गर्दा देखाइएका कैफियतहरु,

ख) कपुरकोट गाउँपालिका र संघीय वा प्रदेश सरकारका कार्यालयहरुको साझेदारीमा भएका आर्थिक कारोबारमा आन्तरिक लेखा परीक्षक वा महा लेखा परीक्षकले देखाएका कैफियतहरु,

ग) कपुरकोट गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु, सामुदायिक सिकाई केन्द्रहरु, टोल विकास संस्थाहरु,

घ) कपुरकोट गाउँपालिकासँग साझेदारी गरी काम गर्ने गैरसरकारी निकायहरु यस पालिकासँग कारोबार गर्दा आन्तरिक लेखा परीक्षक र महा लेखा परीक्षकले कुनै कैफियत देखाएमा,

ङ) कपुरकोट गाउँपालिकाका पदाधिकारीहरुको सेवा सुविधा र शर्तहरु,

च) अन्य समितिले तोकिए बमोजिमका कार्यक्षेत्र,

३. बेरुजु फर्छ्यौट उपसमितिको कार्यविधि देहायबमोजिम हुनेछः

क) लगती र सैद्वान्तिक बेरुजुको अलग-अलग लगत तयार पार्ने ।

ख) लगती बेरुजुलाई असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की बाँकीमा अलग-अलग लगत तयार पार्ने ।

ग) असुल उपर गर्नुपर्ने बेरुजुलाई एकिकृत विवरण तयार पारी असुल उपर कारबाहीको लागि अर्थ तथा सार्वजनिक समिति समक्ष पेश गर्ने ।

घ) नियमित गर्नुपर्ने बेरुजुको हकमा अनियमित भएको, कागजात पेश नभएको वा शोधभर्ना नलिएको कुन हो एकिन गरी आवश्यक कारबाहीको लागि समितिमा सिफारिस गर्ने,

ङ) म्याद नाघेको र ननाघेको पेश्की एकिन गरी आवश्यक कारबाहीको लागि समितिमा सिफारिस गर्ने ।

## परिच्छेद-६

## बरबुझारथ, लिलाम बिक्रि तथा मिनाहा सम्बन्धी व्यवस्था

२२. बरबुझारथ : (१) गाउँपालिकाका निर्वाचित प्रतिनिधिले आफ्नो जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधी समाप्त हुनुभन्दा १५ दिन अगावै फिर्ता बुझाई सोको निस्सा लिनु पर्नेछ ।

(२) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामो अवधिमा काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात तोकिएको म्यादभित्र बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने व्यक्ति बहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी सेवा निवृत व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए स्थानीय प्रशासनद्वारा पक्राउ गरी बरबुझारथ गर्न लगाइनेछ ।

(४) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा कुनै धनमाल नोक्सान भएमा नोक्सान भए बराबरको रकम र सोही बराबरको बिगो रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

२३. नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिने :(१) कार्यालयको सरकारी तहसील तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा सरकारी रकम मस्यौट भएको देखिन आएमा कार्यकारी अधिकृतले प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गराउनु पर्नेछ ।

(२) सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत, संरक्षण, बरबुझारथ र जवाफदेही सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२४. लिलाम बिक्री तथा मिनाहा दिने :(१) यस कानून तथा यसअन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरू प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलामबिक्री गर्न सकिनेछ ।

(२) यस कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कानूनअन्तर्गत उठ्न नसकेको बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबूबाहिरको परिस्थितिले गर्दा तथा सुखाजर्ती भई वा खिएर, सडेर गई वा अन्यकारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा ऐनबमोजिम लिलाम बढाबढ

हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा कार्यपालिकाबाट तोकिए बमोजिमको कार्यविधि अपनाई मिनाहा दिन सकिनेछ ।

## परिच्छेद-७

## विविध

२५. काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी : लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवार व्यक्ति लगायत नगदी वा जिन्सी सम्बन्धी काम गर्ने अन्य अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी अनुसार सम्बन्धित व्यक्तिले जवाफदेहीता बहन गर्नुपर्नेछ ।

२६. वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः यस कानून अन्य प्रचलित कानूनबमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

२७. आर्थिक प्रशासनको सञ्चालनः (१) गाउँपालिकाको आर्थिक प्रशासन सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था नभएसम्मका लागि यो कानून यस अन्तर्गत तोकिए बमोजिमको आर्थिक प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको परिचालन र व्यवस्थापन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

२८. संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनलाई आधार मान्नुपर्ने : गाउँपालिकाको सभाले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनमा भएका व्यवस्थालाई मार्गदर्शनका रुपमा लिई सो बमोजिम गर्नु गराउनुपर्नेछ ।

२९. विद्युतीय प्रविधिको प्रयोग गर्न सक्नेः(१) यस कानूनबमोजिम आर्थिक कारोबारको लेखा व्यवस्थित गर्न उपयुक्त विद्युतीय प्रणालीको प्रयोग गर्न सकिनेछ ।

(२)उपदफा (१) बमोजिमको आवश्यक प्रणाली गाउँपालिका आंफैले विकास गरी वा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी लागू गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा लेखाको सिद्धान्त एवं वित्तीय ढाँचाको एकरुपताका लागि तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको समेत परामर्श लिनुपर्नेछ ।

३०. लेखापरीक्षण सहजीकरण समितिः (१) गाउँपालिकाबाट सम्पादन गरिने कार्यहरुमा आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरुलाई समयमै तयार गर्न तथा विश्वसनीय बनाउन, बेरुजु फर्छ्यौट गर्न गराउन गाउँकार्यपालिकाले आफूमध्येबाट तोकेको

सदस्यको अध्यक्षतामा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको अधिकृत र प्राविधिक अधिकृतसमेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति रहनेछ ।

(२) लेखापरीक्षण सहजीकरण समिति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३१. अधिकार प्रत्यायोजनः यो कानून यसअन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिमका अधिकार बाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्ने प्रत्यायोजन गर्न सकिनेछ ।

३२. नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकारः यस कानूनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियमहरु, निर्देशिका, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ ।

## परिच्छेद-८

## बाधा अड्काउ फुकाउ

यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा कपुरकोट गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## परिच्छेद-९

## खारेजी र बचाउ

यस ऐन कार्यान्वयन/संशोधनको अधिकार गाउँसभामा निहित रहनेछ ।